कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
५ नं प्रदेश,नेपाल

फोन न.०७६-५६०३०५
०७६-५६०२०१
फ्याक्स न.०७६-५६००१९

पत्र संख्या : ०७६/०७७
चलानी नं. 2969

मिति- २०७६/११/२१

विषय-विवरण उपलव्ध गराईदिनु हुन ।

श्री वडा कार्यालयहरु (वडा नं १ देखि वडा नं ६ सम्म)
कपिलवस्तु नगरपालिका ।

प्रस्तुत विषयमा शहरी विकास तथा भवन निर्माण विभाग संघिय कार्यान्वयन इकाई भैरहवा रुपन्देहीको प.स.२०७६/०७७ च.न.९४० मिति २०७६/११/२० को पत्रानुसार गरिवीको रेखामुनी रहेका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने निर्णय भए वमोजिम तहां वडा कार्यालय अन्तर्गत रहेका पराल वा खरको छाना भएका घरपरिवारहरुको लागि यसै साथ संलग्न सूचना वमोजिम निवेदन भराई प्राप्त भएका निवेदनहरुको विवरण १० (दश) दिन भित्र यस कार्यालयमा उपलव्ध गराईदिनु हुन अनुरोध छ ।

हरि प्रसाद ज्ञवाली
नि.प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

वोधार्थः
श्री सूचना प्रविधि शाखा (website मा upload गरिदिनु हुन)

फोन नं. : ०७१-५२१२०२
फ्याक्स नं : ०७१-५२०१७६
फोन नं. : ०७१-५२६२५१
email: fpiu.rupandehi@gmail.com

नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
# संघीय आयोजना कार्यान्वयन इकाई
**भैरहवा, रुपन्देही**

visit Nepal 2020 Lifetime Experiences

प.सं. २०७६/७७ (प्रशासन)　　　　　　　　　　　　　　　　मिति: २०७६/११/२०
च.नं. ९४०

श्री कपिलवस्तु नगरपालिका,

कपिलवस्तु

विषय: विवरण उपलब्ध गराइदिने सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरण मैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिवीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहीन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवावारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माण गर्ने कार्यको लागि सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको निर्णयानुसार १० (दश) दिने सूचना प्रकाशन गरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद ४ को दफा ११ (ख) अनुसार लाभग्राहीहरुवाट प्राप्त निवेदनहरुको विवरण यस कार्यालयलाई उपलब्ध गराइदिनुहुन अनुरोध छ । सूचना र निवेदनको नमूना यसै साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

२०७६।११।२०
राजेन्द्र प्रसाद पाण्डेय
आयोजना प्रमुख

श्री योजना शाखा
२०७६।११।२१

दर्ता नम्बर २६८८
दर्ता मिति ११।२१

# बैठक संख्या :- १ (एक)

आज मिति २०७६।११।११ गतेका दिन कपिलवस्तु जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ०२ को प्रत्यक्ष निर्वाचित सांसद माननिय श्री बृजेश कुमार गुप्ताज्यूको संयोजकत्वमा "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५" को दफा १५ मा व्यवस्था भए बमोजिम सुरक्षित नागरिक आवास समन्वय समिति को बैठक तपसिल अनुसारको महानुभावहरुको उपस्थितिमा बैठक बसी सुरक्षित नागरिक आवास कार्यक्रम र कार्यविधि उपर छलफल गरि तपसिल अनुसारको निर्णयहरु गरियो ।

उपस्थिती

१. माननिय श्री बृजेश कुमार गुप्ता - संयोजक
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं २ कपिलवस्तु

२. प्रमुख श्री नारायण प्रसाद खनाल
प्रमुख, जिल्ला समन्वय समिति कपिलवस्तु - सदस्य

३. प्रमुख श्री किरण सिंह
कपिलवस्तु नगरपालिका, कपिलवस्तु - सदस्य

४. ईन्जिनियर श्री अशोक कुमार कलवार
संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही - सदस्य सचिव

आमन्त्रित

१. श्री मुक्तीराम पोखरेल
नि. जिल्ला समन्वय अधिकारी

२. श्री नवित पन्थी
नी.सु. संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देही

३. ई. श्री सन्तोष कुमार यादव " " "

निर्णयहरु

सुरक्षित नागरिक आवास कार्यक्रम र उक्त कार्यक्रम संचालन गर्न शहरी विकास मन्त्रालयवाट पठइएको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ एवं शहरी विकास तथा भवन निर्माण विभाग आवास शाखाको च.नं ४६ मिति २०७५/११/२१ को पत्रसाथ केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको वैठकको निर्णय निम्नानुसार रहेको जानकारी गराइयो ।

१. प्रदेश नं. ५ जिल्ला कपिलवस्तु प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ को कपिलवस्तु नगरपालिका वडा नं. १,२,३,४,५,६ गरी जम्मा ५० घरसंख्या ।

निर्णय नं. २ :- उक्त कार्यविधिको दफा १६(ख) अनुसार केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिवाट तोकिएका स्थानीय तह भित्रका कार्यक्रम कार्यान्वयन गर्न कपिलवस्तु नगरपालिका वडा नं. १,२,३,४,५,६ का लागि तपसिल अनुसारको आवास संख्या सूचना प्रकाशन पछि प्राप्त हुने लाभग्राहीहरुको निवेदन संख्याको आधारमा आवश्यकता हेरी वडाहरुको लागि आवास संख्या तोक्ने गरी अर्को वैठकमा आवास संख्या निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- उक्त कार्यविधिको दफा १०(ख) अनुसार सुरक्षित नागरिक आवास समन्वय समितिवाट कार्यक्रम कार्यन्वयन गर्न कपिलवस्तु न.पा. वडा नं. १,२,३,४,५,६ सम्वन्धित वडा कार्यलय मार्फत १० दिने सूचना जारी गरी निवेदन माग गर्ने । सो वमोजिम सम्वन्धित वडा कार्यालयहरुले निवेदन संकलन गरी ७ दिन भित्र स्थानीय तह मार्फत संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहीमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ४: सम्वन्धित निकायवाट संकलन भएका निवेदनहरु प्राप्त भइसकेपछि प्राप्त कार्यक्रम र कार्यविधि अनुसार कपिलवस्तु जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ को कपिलवस्तु न.पा. को वडा नं. १,२,३,४,५,६ गरी जम्मा ५० आवास संख्याको जस्तापाता र सहुलियत लगायतका सामग्रीहरुको खरिदको लागि र गरिवीको रेखामुनी रहेका पराल वा खरका छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रममा रहेको हुनाले उक्त ठाउँहरुमा लाभग्राही छनोट गर्न कार्यविधिको दफा ३ र ४ एवं अनूसूची १ बमोजिम लाभग्राही छनोटका लागि सर्वे कार्य गर्न संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : - अनुसूची १ को नोट १ अनुसार लाभग्राही छनोटको लागि सर्वे गर्दा ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अनुसार लाभग्राहीको रुपमा समावेश नगरिने साथै प्रदेश सरकारवाट संचालन भएको जनता आवास कार्यक्रम र स्थानीय तहवाट संचालन भएको खर/परालका छाना विस्तापित गर्ने कार्यक्रममा समावेश भएका लाभग्राहीहरुको निवेदन नलिने निर्णय गरियो ।

निर्णय नं. ६ उक्त कार्यविधिको दफा १६ (ग) अनुसार सर्वे पश्चात लक्षित वर्ग तथा परिवारको सूची तयार गरी दफा ४ को आधारमा लाभग्राही छनोट गर्नको लागि अर्को वैठकमा पेश गर्ने निर्णय गरियो ।

मिति२०७६/....../.....

श्री..............................................गाँउपालिका/नगरपालिका,

...... नं. वडा कार्यालय,........................... ।

**विषय: सुरक्षित नागरिक आवास निर्माण सम्वन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत त्यस..............................गाँउपालिका/नगरपालिकाको वडा कार्यालयवाट मिति ...................... मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को परिच्छेद २ को दफा३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाईदिनहुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझौंला।

तपशिल:

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेस्टस आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्री वाट छाएको प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ ☐ |
| ४ | जग्गाधनी प्रमाणपूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। | छ/छैन ☐ ☐ |
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ ☐ |

**निवेदकको:**

सही: ................................................

नाम थर :..........................................

बुवा/पति/पत्नीको नाम:.................................

बाजे/ससुराको नाम:...............................

जिल्ला:...........................................

गा.पा./न.पा:...................... वडानं.......

गाउ/टोल:..........................................

सम्पर्क मोवाईल नं.:................................

| निवेदकको औंठाछाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**नोट :** एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ। खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिंदैन। एउटा सगोलको परिवारले एउटा फर्ममात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।

.................. गाँउपालिका/नगरपालिका

...... नं. वडा कार्यालय,.......

# सूचना !  सूचना !!  सूचना !!!

मिति : २०७६/११/२०

संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहीको च.नं.८१२ मिति २०७६/११/०७ पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७६/११/११ गतेमा बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दर को काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखा मुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को दफा१०(ख) अनुसार सम्वन्धित वडा कार्यालय मार्फत १०(दश) दिने सूचना जारी गर्ने निर्णय भएकोले यस वडा कार्यालयको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले यस कार्यालयवाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन (मिति २०७६।..................) भित्र वडा कार्यालयमा बुझाउनु हुन सम्वन्धित सबैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

....................................

वडा अध्यक्ष

...........गाँउपालिका/नगरपालिका